# तपाईंको नयाँ जीवन



# तपाईंको नयाँ जीवन

लेखक: एल जेटर वाल्कर
अनुवादक: बाल कृष्ण शर्मा

आई सी आई युनिभर्सिटी

पोष्ट बक्स नं. ४२४५
काठमाण्डौ, नेपाल

प्रकाशक

आई.सी.आई.
पोष्ट बक्स नं. ४२४५
काठमाण्डौ, नेपाल

© १९९५ सर्वाधिकार सुरक्षित
आई.सी.आई. युनिभर्सिटी
काठमाडौँ, नेपाल

प्रति: १०,०००

**Your New Life**
**Revised Edition 1995**
**ICI University**
**P.O. Box 4245**
**Kathmandu, Nepal**

# विषय सूची


| पाठ | | पृष्ठ |
|---|---|---|
| आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं | | ५ |
| १) | तपाईंले नयाँ जीवन सुरू गर्नुभएको छ | ९ |
| २) | तपाईं हिँड्नलाई सिक्दै हुनुहुन्छ | २१ |
| ३) | तपाईंका पिता तपाईंसँग बोल्दै हुनुहुन्छ | ३५ |
| ४) | के तपाईं बढ्न चाहनुहुन्छ | ४९ |
| ५) | नयाँ जीवन- नयाँ क्रियाकलापहरू | ६१ |
| ६) | तपाईंका नयाँ स्तरहरू | ७९ |
| ७) | तपाईंका निम्ति एक सहयोगी हुनुहुन्छ | ८७ |
| ८) | तपाईंको जीवन ज्योति हो | ९९ |
| ९) | कसरी परिवार आनन्दित हुनसक्छ | ११३ |
| १०) | तपाईंको नयाँ स्वतन्त्रता | १२५ |

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौँ



तपाईंले अध्ययन सुरू गर्नुभन्दा पहिले आउनुहोस् हामी कुराकानी गरौँ। यो एक विशेष किसिमको पुस्तक हो र तपाईं जहाँ हुनुभएको बेलामा पनि अध्ययन गर्न यसले सहायता पुऱ्याउँछ। यो पुस्तक नै तपाईंको शिक्षक हो। यस पुस्तकले तपाईंलाई केही कुराको बारेमा बताउँछ र त्यसपछि यसको बारेमा नै तपाईंसँग प्रश्न सोध्छ। यसले तपाईंलाई कदम-कदम गरी हरेक पाठमा सहायता पुऱ्याउँछ।

यो पाकेट साइजको पुस्तक हो। तपाईं जहाँ जानुहँदा पनि यसलाई साथै लैजान सक्नुहुन्छ र पाँच-दस मिनेट फुर्सद पाउनुभयो भने यसलाई अध्ययन गर्न सक्नुहुन्छ। एकैपल्ट पूरै पाठ अध्ययन गर्ने समय पाउनुभएन भने पनि अलि-अलि अध्ययन गर्न सक्नुहुन्छ। तपाईंले जे गर्न सक्नुहुन्छ, जहिले गर्न सक्नुहुन्छ र जहाँ गर्न सक्नुहुन्छ, गर्नुहोस्।

यो पुस्तकलाई अभ्यासपुस्तिकाको रूपमा निर्माण गरिएको छ। यदि कसैले तपाईंलाई यो पुस्तक पढ्नुहोस् र फेरि फर्काउनुहोस् भनी दिनुभएको छ भने तपाईंका उत्तरहरूलाई अर्को अभ्यासपुस्तिकामा सार्नुहोस्।

## तपाईंको अभ्यासको निम्ति

ठीक उत्तरको अगाडि दिइएको खाली ठाउँमा चिन्ह (✓) लगाउनुहोस् । उदाहरणः-

१. यो कस्तो किसिमको पुस्तक हो ?

✓ **क)** विशेष

___ **ख)** साधारण

२. यो स्वयम् शिक्षणको पुस्तक हो र यसले तपाईंलाई केको निम्ति सहायता पुऱ्याउँछ ?

___ **क)** एउटा कक्षालाई सिकाउन

✓ **ख)** तपाईं जहाँसुकै हुनुभएको बेलामा पनि अध्ययन गर्न

तपाईंको शिक्षकले जस्तै यो पुस्तकले पनि तपाईंका उत्तरहरू ठीक भए वा भएनन् भनी थाहा पाउन तपाईंलाई सहायता पुऱ्याउँछ । माथि तपाईंले छान्नुभएका शब्दहरू वा उत्तरहरू यी हुनुपर्छः १. क) विशेष, २. ख) तपाईं जहाँसुकै भए तापनि अध्ययन गर्न सक्नुहुन्छ ।

प्रश्नहरू अन्तिममा मात्र नसोधिएर पूरै पाठभरि नै सोधिएका छन् । यी प्रश्नहरू र उत्तरहरूलेः

- तपाईंका विचारहरूलाई यताउति भौंतारिनुबाट रोक्छन् ।
- तपाईंले भर्खरै पढ्नुभएको कुरा बुझ्नुभयो वा भएन त्यसको जाँच गर्छन् ।
- पाठका मुख्य बुँदाहरूलाई तपाईंको मन (समझमा) राख्नेछन् ।

"तपाईंको अभ्यासको निम्ति" भनिएको खण्डको अन्तमा तपाईंले उत्तरहरू भेट्टाउनुहुनेछ। आफ्नो उत्तर नदिउञ्जेलसम्म ती उत्तरहरूलाई नहेर्नुहोस्। दिइएको खाली ठाउँमा तपाईले भर्नुहुँदा त्यो उत्तरको भागलाई चाहिँ एउटा कागजले छोप्नुहोस् र लेखिसकेपछि आफ्ना उत्तरहरूलाई पुस्तकमा दिइएको ठीक उत्तरसँग दाँज्नुहोस्।

## तपाईंको अभ्यासको निम्ति

तल दिइएको वाक्यको ठीक उत्तर छान्नुहोस् र त्यसको बायाँतिर भएको खाली ठाउँमा ठीक चिन्ह (✓) लगाउनुहोस्।

३. यी प्रश्नहरू र उत्तरहरूले तपाईंको केको जाँच गर्छन्?

__✓__ **क)** तपाईंले भर्खरै पढ्नुभएको कुरा कति बुझ्नुभयो?

____ **ख)** विषयको सामान्य ज्ञान।

उत्तरः ३. क) तपाईंले भर्खरै पढ्नुभएको कुरा कति बुझ्नुभयो?

कहिलेकाहीँ यस पुस्तकले प्रश्नका उत्तरहरू दिनुका साथसाथै अन्य कुराहरू गर्नलाई अह्राउँदछ। यी अभ्यासहरूले तपाईंलाई पाठ राम्रोसँग सिक्नको लागि सहायता पुऱ्याउँदछन्! यसैले यी सबै अभ्यासहरू गर्नलाई नभुल्नुहोस्।

यो पुस्तक तपाईं र तपाईंको ख्रीष्टियान जीवनको बारेमा छ। यो तपाईंको निम्ति बडो अचम्मको आशिष र सहायता हुन सक्छ। यो हजारौं विद्यार्थीहरूको लागि सहायक सिद्ध भइसकेको छ तर तपाईंले यस पुस्तकमा सिक्नुभएको कुरालाई प्रयोग गर्नुभयो भने मात्र यसले तपाईंलाई सहायता र भलाइ गर्न सक्दछ। यसैले तपाईंले सिक्नुभएको कुरालाई तुरून्तै व्यवहारमा प्रयोग गर्नुहोस्।

## तपाइँको विद्यार्थी प्रतिवेदन

यदि तपाइँले प्रमाणपत्र प्राप्त गर्नको निम्ति अधययन गरिरहनुभएको छ भने "विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिका" भन्ने छुट्टै एउटा पुस्तिका पाउनुहुनेछ। त्यस पुस्तिकामा दुई खण्डहरू छन्। तपाइँले प्रत्येक खण्डलाई कहिले पूरा गर्नुपर्छ त्यस विषयमा तपाइँको अध्ययन-पुस्तिकाले बताउनेछ।

आफ्नो उत्तरपुस्तिकालाई आई.सी.आई.को कार्यालयमा पठाउनुहुँदा तपाइँको विद्यार्थी प्रतिवेदनमा उल्लेख गरिएका निर्देशनहरूलाई पालन गर्नुहोस्। विद्यार्थी प्रतिवेदनको पहिलो पृष्ठमा नै आफ्नो ठेगाना सफासँग लेख्नुहोस्। तपाइँले यो पुस्तक र अन्य केही पुस्तकहरू पूरै सक्नुभएपछि तपाइँले एउटा सुन्दर प्रमाणपत्र प्राप्त गर्नुहुन्छ।

---

**प्रार्थना**

*मेरो नयाँ जीवनको बारेमा लेखिएका यी पाठहरूको निम्ति, परमेश्वर, म तपाइँलाई धन्यवाद चढाउँछु। यिनीहरूलाई राम्रोसँग सिक्न मलाई सहायता गर्नुहोस्। मलाई अझै उत्तम ख्रीष्टियान बनाउन ती पाठहरूलाई प्रयोग गर्नुहोस्। येशूको नाममा, आमिन्।*

---